# कक्षा तीनको नेपाली पाठ्यपुस्तकको पठनशीलता परीक्षण

**हर्कबहादुर शाही[१] वीरेन्द्रकुमार बुढा[२].**
त्रिवि अनुसन्धान निर्देशनालय[१]
सहप्राध्यापक
Email: shahiharka482075@gmail.com
https://orcid.org/3175–4068–0007–0009
विद्यावारिधि अध्ययनरत, त्रिवि GSE[2]
Corresponding Author
Email: birendrabudha37@gmail.com,
https://orcid.org/0009-0005-2460-9763
Prof. Dr. Ram Nath Ojha
**Received Date:** March 14, 2025; **Reviewed Date:** March 28, 2025
**Accepted Date:** May 12, 2025

## लेखसार

पाठ्यपुस्तकमा प्रयुक्त पढ्न सकिने गुणहरूको खोजी र तिनको कठिनाइ स्तर पत्ता लगाउने कार्य नै पठनशीलताको अध्ययन हो । शैक्षिक पाठ्यसामग्रीहरूलाई पठनीय बनाउनु भनेको पाठक विद्यार्थीहरूको स्तरअनुरूप सहज रूपमा पढ्न वा बुझ्न सकिने गरी पाठ्यवस्तुको रचना गर्नु हो । तसर्थ यही कुरालाई मनन गरी शैक्षिक उद्देश्यले तयार पारिएका सबै कक्षा र तहका पाठ्यपुस्तकहरूमध्ये नमुना अध्ययनका लागि नेपाली विषयको कक्षा तीनको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अध्ययन गर्न उक्त पाठ्यपुस्तकको भाषिक संरचनाको अध्ययन गरिएको छ । अध्ययनका क्रममा उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा पाठहरू सङ्कलन गरी पाठविश्लेषण विधिको प्रयोग गरी विश्लेषण गरिएको छ । यस क्रममा प्रस्तुत पाठ्यपुस्तकको भाषिक संरचनाका अक्षर संरचना, शब्दवर्ग र वाक्यसंरचनाको अध्ययन गरी पठनशीलताको स्तर पत्ता लगाउने कार्य गरिएको छ । पाठ्यपुस्तक अक्षर संरचनाका दृष्टिले अपेक्षा गरेअनुरूप दुई अक्षरी र तीन अक्षरी शब्दहरूको प्रयोग बढी भएको र चार अक्षरी र पाँच अक्षरी शब्दहरूको प्रयोग र प्रभाव नदेखिनुले अक्षर संरचनाका दृष्टिले पठनशीलताको स्तर उपयुक्त रहेको छ । शब्द वर्गअन्तर्गत पनि प्रस्तुत पाठ्यपुस्तकमा प्रयुक्त मूर्तनाम अमूर्तनामको तुलनामा एकदमै बढी भएकाले पाठ्यवस्तुहरू सरल बन्न पुगेका छन् । दृष्ट क्रियाको प्रयोग बढी र अदृष्ट क्रियाको प्रयोग कम भएकाले पाठ्यवस्तु रचनामा अदृष्ट क्रियाको प्रभाव देखिदैन र वाक्यसंरचनाका दृष्टिले पनि उक्त पाठ्यपुस्तकमा जटिलभन्दा सरल वाक्यकै प्रयोग बढी पाइएको छ । अध्ययनका क्रममा आवश्यक सामग्री पुस्तकालीय विधिका माध्यमबाट सङ्कलन गरी तालिकीकरण गरेर विश्लेषण गरी निष्कर्ष निकालिएको यो अध्ययन गुणात्मक ढाँचाको रहेको छ ।

**शब्दकुञ्जी:** अक्षर, कठिनाइ स्तर, गद्यांश, पठनशीलता, वाक्य संरचना, शब्दवर्ग ।

## विषयपरिचय

पठनशीलता भनेको कुनै पाठ्यपुस्तक वा लेखन सामग्रीलाई सजिलैसँग पढ्न र बुझ्न सकिने गुण हो । यो गुण पाठ्यपुस्तकको भाषा, वाक्य संरचना, शब्दावली र प्रस्तुतीकरणको सरलतामा निर्भर गर्दछ । पठनशीलता शिक्षाको गुणस्तर सुधार गर्न र विद्यार्थीहरूको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्छ (बार्बर र अन्य, सन् २०२०) । पठनशील पाठ्यपुस्तकहरूले विद्यार्थीहरूको सिकाइ प्रक्रियालाई सहज बनाउँछ । यसले उनीहरूको शैक्षिक प्रगति र आत्मविश्वासमा सुधार ल्याउँछ । सजिलै बुझ्न सकिने सामग्रीले विद्यार्थीहरूको समझदारी र विश्लेषणात्मक क्षमतामा वृद्धि गर्छ । पठनशील सामग्रीले सबै विद्यार्थीहरूलाई समान रूपमा सिक्न र बुझ्न सक्षम बनाउँछ, जसले शैक्षिक असमानतालाई कम गर्न मद्दत गर्छ । यसरी पठनशीलता शिक्षाको गुणस्तर सुधार गर्न र विद्यार्थीहरूको सिकाइमा रुचि र उत्साह बढाउन महत्त्वपूर्ण छ । पाठ्यपुस्तकमा प्रयुक्त पढ्न सकिने गुणहरूको खोजी र तिनको कठिनाइ स्तर पत्ता लगाउने कार्य नै पठनशीलता परीक्षण हो । शैक्षिक पाठ्यसामग्रीलाई पठनीय बनाउनु भनेको पाठक विद्यार्थीहरूको स्तरअनुरूप सहज रूपमा पढ्न वा बुझ्न सकिनेगरी पाठ्यवस्तुको रचना गर्नु हो । तसर्थ यही कुरालाई मनन गरी शैक्षिक उद्देश्यले तयार पारिएका सबै कक्षा र तहका पाठ्यपुस्तकहरूमध्ये नमुना अध्ययनका लागि नेपाली विषयको कक्षा तीनको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अध्ययन गर्न उक्त पाठ्यपुस्तकको भाषिक संरचनाको अध्ययन गरिएको छ ।

नेपालको सन्दर्भमा पाठ्यपुस्तकको पठनीयतासम्बन्धी अध्ययन नयाँ भए पनि विश्वको इतिहासमा यस्तो अध्ययन नौ दशक लामो छ (शर्मा, २०६०, पृ. २२) । शैक्षिक इतिहासको विकासक्रममा औपचारिक शिक्षाको शृङ्खला लामो भए पनि पाठ्यपुस्तकसम्बन्धी अध्ययन विश्लेषणको इतिहास धेरै लामो छैन । अझ पठनशीलताका दृष्टिले पाठ्यपुस्तकहरूको अध्ययन कार्यको थालनी बिसौँ शताब्दीबाट मात्र भएको देखिन्छ । पाठ्यसामग्री एवम् पाठ्यपुस्तक निर्माणमा शैक्षिक लेखनकार्य जति धेरै हुन्छ, त्यति नै तिनको अध्ययनको सम्भावना बढ्ने र खोज अनुसन्धान पनि सूक्ष्मतामा बन्दै जाने हुन्छ । सन् १९२१ मा थर्नडाइकले शब्दभण्डार मात्रा र स्तरसम्बन्धी गरेको कार्यबाट पठनशीलता अध्ययनको पृष्ठभूमि तयार भएको देखिन्छ । पठनशीलताको अध्ययन सर्वप्रथम किट्सोनले सन् १९२१ मा म्यागेजिनमा देखिने भाषिक कठिनाइ, शब्द लम्बाइ, वाक्य लम्बाइ र तिनको स्तर अध्ययन गरेका थिए । उनले पठनशीलतालाई दुई दुईओटा म्यागेजिन र पत्रिका देखिने कठिनाइ, वाक्य लम्बाइ र शब्द लम्बाइमा प्रयोग गरे । यसरी पठनशीलताको अध्ययनको प्रारम्भ पाठ्यपुस्तकबाट नभएर पत्रिकाबाट भएको देखिन्छ । नेपालका पाठ्यपुस्तकहरूको पठनशीलता परीक्षणको अध्ययनले विभिन्न कमजोरीहरू र सुधारका मोडलहरू उजागर गरेको छ । नेपालमा हालै गरिएको अध्ययनले पाठ्यपुस्तकहरूमा विविधता, समानता र समावेशीकरणको दृष्टिकोणबाट गम्भीर त्रुटिहरू पत्ता लगाएको छ (आचार्य, २०८०) । कक्षा एकदेखि दशसम्मका सामाजिक र नेपाली पाठ्यपुस्तकहरूको समीक्षा गर्दा, विशेषगरी दलित, मधेशी, थारू, मगर र मुस्लिम समुदायहरूको प्रतिनिधित्व कम रहेको पाइएको छ । लैङ्गिक विभेदका भाषिक रूपहरू पाठ्यपुस्तकभरि बुनिएका छन्, जसले विद्यार्थीहरूको अधिकारबारे सिकाउने पाठहरूमा समेत हेय र अपमान दर्शाउने सन्दर्भहरू समावेश गरेको छ । यसले पाठ्यपुस्तकहरूलाई समसामयिक बनाउन धेरै गृहकार्यको आवश्यकता रहेको देखाइएको छ । सुधारका लागि पाठ्यपुस्तक लेखनमा आवाजहरूको विविधता विस्तार गर्न सामग्री क्षेत्रहरूमा सीमान्तकृत समुदायहरूको उपस्थिति बढाउन र समावेशी भाषा प्रयोग गर्न आवश्यक छ (आचार्य, २०८०) । नेपालको जनगणतन्त्रात्मक राज्यप्रणाली अनुसारका

पाठ्य सामग्रीको पाठ्यपुस्तकमा समावेश भए नभएका कुराको समीक्षा हुन आवश्यकता देखिन्छ । यस लेखको उद्देश्य कक्षा तीनको नेपाली पाठ्यपुस्तकको पठनशीलतालाई अक्षर संरचना, शब्दवर्ग र वाक्यसंरचनाका दृष्टिले विश्लेषण गर्नु रहेको छ । यसले पाठ्यपुस्तकमा प्रयोग भएका अक्षरहरूको संरचना र तिनको पठनशीलता मूल्याङ्कन गर्न, पाठ्यपुस्तकमा प्रयोग भएका शब्दहरूको वर्गीकरण र तिनको पठनशीलता विश्लेषण गर्न र पाठ्यपुस्तकमा प्रयोग भएका वाक्यहरूको संरचना र तिनको पठनशीलता मूल्याङ्कन गर्न मद्दत पुऱ्याएको छ । कक्षा तीनको नेपाली पाठ्यपुस्तकको पठनशीलता अक्षरसंरचना, शब्दवर्ग र वाक्यसंरचनाका दृष्टिले विश्लेषण गर्दा यसको उपयुक्तता र प्रभावकारिता मूल्याङ्कन गरी पाठ्यक्रम र पाठ्यपुस्तक सुधारमा योगदान पुऱ्याउने देखिन्छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा कक्षा तीनको नेपाली विषयको पाठ्यपुस्तकको पठनशीलता अध्ययनार्थ उद्देश्यमूलक नमुना छनोटका आधारमा परीक्षणीय सामग्रीहरूको छनोट गरिएको छ । उद्देश्यपूर्ण नमुना छनोट पद्धतिका आधारमा सामग्रीको छनोट गर्दा अनुसन्धानकर्ताको अनुभव बुद्धि र विवेकद्वारा सान्दर्भिक र प्रामाणिक सामग्रीका रूपमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रबाट २०७६ सालमा प्रकाशित कक्षा तीनको नेपाली पाठ्यपुस्तकबाट प्रस्तुत अध्ययनका लागि नमुना सामग्रीका रूपमा लिइएको छ । अध्ययनका लागि प्राथमिक स्रोतका रूपमा कक्षा तीनको नेपाली विषयको पाठ्यपुस्तकभित्रका विधागत पाठहरू रहेका छन् र द्वितीयक स्रोतका रूपमा प्रस्तुत शीर्षकसँग सम्बन्धित सैद्धान्तिक पुस्तक, शोधपत्र, प्रबन्धपत्र र अनुसन्धनात्मक लेखरचना रहेका छन्।

**तालिका १**


*अध्ययनमा छनोटमा गरिएका नमुना पाठहरू*

| क.सं | पाठ | विधा |
|---|---|---|
| १ | ढुङ्गाको खिचडी | कथा |
| २ | म को हुँ | प्रबन्ध |
| ३ | अनौठो परीक्षा | कथा |
| ४ | नया वर्षको उपहार | कथा |
| ५ | खेर नफालौँ | प्रबन्ध |
| ६ | महाकवि देवकोटा | जीवनी |
| ७ | बाँदर गोही | कथा |
| ८ | सगरमाथा | प्रबन्ध |
| ९ | वीरमानका दिन फर्किए | प्रबन्ध |
| १० | छट्टु बटुवा | कथा |

## सैद्धान्तिक आधार अवधारणात्मक ढाँचा

पाठ्यपुस्तक वा पाठ्यसामग्रीमा प्रयोग भएका ज्ञान, सिप र भाषाको कठिनाइ स्तरलाई पठनशीलता भनिन्छ। पठनशीलता पाठ भाव, संवेदना र पाठको संरचनासँग जोडिएको हुन्छ, जसमा अर्थ निर्माण

गर्दा पाठकको सहभागिता आवश्यक पर्छ । पाठमा प्रयुक्त शब्द, वाक्य र शैलीले पाठको पठनशीलता निर्धारण गर्छ । ह्यारिसन (१९८०) को 'रिड्याबिलिटी इन द क्लासरूम' पठनशीलतासम्बन्धी पहिलो कृति मानिन्छ, जसमा पठनयोग्यताको मापन गर्ने विविध उपायहरू समावेश छन् । पठनशीलता 'रिड्याबिलिटी' को नेपाली रूप हो, जुन पढ्न सकिने गुण हो र यसले पाठको सुपाठ्यतालाई जनाउँछ । पठनशीलता शब्द पठन (नाम), पठनशील (विशेषण) र पठनशीलता (भाववाचक नाम) शब्दको विकासक्रमसँग जोडिएको छ । हिटलम्यान (१९७८) ले पठनशीलतालाई पाठक र पाठ्यसामग्रीबीचको भाषिक अन्तक्रिया मान्छन् । फ्लेक्स (१९५१) का अनुसार उमेर, शैक्षिक स्तर, सम्झना आदि विशेषता पठनशीलताका आधार हुन् । ह्यारिसनले रङ, उदाहरण, शब्दभण्डार, वाक्यरचना आदिका आधारमा पठनशीलता मापन गर्न सकिने बताएका छन् । चाल (१९५५) ले पाठक र सामग्रीबीचको सहज सम्बन्धलाई पठनशीलता भनेका छन् । यस अध्ययनमा कक्षा तीनको नेपाली पाठ्यपुस्तकको पठनशीलता मापन गर्न एडवर्ड फ्राई (१९९०) को सर्ट प्यासेज फर्मुलालाई निम्न रूपमा उपयोगमा ल्याइएको छ ।




यस सूत्रका आधारमा कक्षा तीनको नेपाली भाषा पाठ्यपुस्तकको अक्षर संरचना, शब्दवर्ग (नाम र क्रिया) र वाक्य संरचना जस्ता भाषिक स्वरूपगत अध्ययन गरी सैद्धान्तिक विश्लेषण गरिएको छ ।

## परिणाम र विमर्श

पठनशीलताको अध्ययनार्थ प्राप्त सामग्रीहरूको पठनीयताको स्तर मापन गर्न भाषिक संरचनाको विश्लेषणका लागि एडवर्ड फ्राई (सन् १९८०) को 'सर्ट प्यासेज फर्मुला' लाई उपयोगमा ल्याइएको छ । त्यसबाट प्राप्त सामग्रीलाई तालिकीकरण गरेर शाब्दिक तथा तार्किक ढङ्गले वर्णनात्मक र विश्लेषणात्मक शैलीमा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त भाषिक संरचना

प्रस्तुत अध्ययनमा कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथा, प्रबन्ध र जीवनी जस्ता गद्य विधाका पाठहरूबाट छनोट गरिएका छोटा, मध्यम र लामा आकारमा संरचित दशओटा

गद्यांशहरूको भाषिक संरचनाको अध्ययनका क्रममा पठनशीलताका प्रभावक तत्त्वका रूपमा निहित अक्षर संरचना, शब्दवर्ग र वाक्यहरूको संरचना पक्षको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययन गद्यांशहरूको अक्षर संरचनाको स्वरूप, शब्दवर्गअन्तर्गत नाम र क्रिया, वाक्यसंरचनाअन्तर्गत सरल र जटिल वाक्यको विश्लेषणमा केन्द्रित छ ।

## गद्यांशको भाषिक संरचना

गद्य रचनाको टुक्रा वा गद्य अभिव्यक्तिको अंश नै गद्यांश हो । भाषामा संरचित भाषिक अंशलाई अनुच्छेद भनिन्छ । अनुच्छेदमा प्रयुक्त गद्यांश कथनको एउटा प्रकार हो । भाषाको एका प्रकारको बनोटले गद्यांशलाई आकारगत स्वरूप प्रदान गर्दछ । भाषा अभिव्यक्ति र सम्प्रेषणको साधन भएकाले कुनै पनि अभिव्यक्ति सिङ्गो संरचनामा रूपान्तरित भएपछि त्यसले कुनै न कुनै विधाको स्वरूप प्राप्त गर्दछ । यस दृष्टिले भाषिक संरचनालाई रचना विषयको संरचनाको आकार र अस्तित्व दुवै प्रदान गर्ने आधारभूत पक्षका रूपमा लिन सकिन्छ । संरचनाको पक्षमा रहेका विषय विधा र भाषाको सम्बन्ध गाँस्ने काम शैलीले गर्दछ । पठनशीलताका दृष्टिले भाषिक संरचनाको अध्ययन गर्दा अक्षरका तहदेखि वाक्य र अनुच्छेदसम्मको अध्ययन गर्नु पर्दछ । प्रस्तुत अध्ययनमा प्रश्नावलीमा निहित अनुच्छेदहरूलाई गद्यांशको रूपमा प्रस्तुत गरिएको छ । एडवर्ड फ्राई (सन् १९८०) द्वारा प्रतिपादित सर्ट प्यासेज फर्मुला लाई उपयोगमा ल्याएर सम्बद्ध पाठ्यपुस्तकमा प्रयुक्त परीक्षणीय अनुच्छेदहरूको पठनशीलताका दृष्टिले अक्षर संरचना, शब्दवर्ग र वाक्य संरचनाको सैद्धान्तिक विश्लेषण गरिएको छ ।

## अक्षर संरचना

अक्षर भाषिक संरचनामा महत्वपूर्ण घटकको रूपमा रहेको छ । भाषाका सबै शब्दहरूलाई अक्षर संरचनामा देखाउन सकिन्छ । अक्षर संरचनामा स्वर आक्षरिक र व्यञ्जन अनाक्षरिक वर्णमा पर्दछन् । अधिकारी (२०६६) का अनुसार फोक्सोका एक चाल वा एक पटकको सासले उच्चरित हुने वर्ण वा वर्ण समूह नै  अक्षर हो । अक्षर संरचना उच्चारणका आधारमा हुने भएकाले तिनको वर्णविन्यासीय लेखनमा केही फरक देखिन्छ । वास्तवमा शब्दको सही उच्चारण त्यसको अक्षर संरचनामा निहित रहन्छ । नेपाली भाषामा अक्षर संरचनाको कुरा गर्दा न्युनतम एउटा स्वर हुन अनिवार्य छ ।

पठनशीलताका दृष्टिले पाठ्यपुस्तक एवम् पाठ्यसामग्रीको निर्माण गर्दा अक्षर संरचनालाई पनि ध्यान दिनुपर्छ । वास्तवमा अक्षर संरचना पाठ्यपुस्तक एवम् पाठ्यसामग्रीको निर्माण गर्दा सकेसम्म कमभन्दा कम अर्थात् द्वयक्षरी र एकाक्षरी वर्गका शब्दहरूलाई कार्यान्वयनमा ल्याउनुपर्दछ । धेरै अक्षर भएका लामालामा शब्दहरूको प्रयोग कुनै सामग्रीका लागि ग्राह्य हुँदैन । हुन त कम अक्षर भएका शब्दहरू प्रयोग भएर पनि तहगत अर्थ जटिलताका कारण पाठ्यसामग्री पठनीय नबन्न सक्छ । यदि लामा शब्दहरूको प्रयोग गर्नुपर्यो भने कक्षागत तहलाई ख्याल गर्नुपर्ने र सकेसम्म समासिक शब्दहरूको प्रयोग कम गर्नुपर्छ । यही कुरालाई दृष्टिगत गरी प्रस्तुत शोधकार्यको प्रयोजनका निम्ति उपयोगमा ल्याएका गद्यांशहरूमा प्रयुक्त शब्दहरूको सही उच्चारण गर्दा ती शब्दहरू के कति अक्षरमा उच्चरित छन् र तिनले पठनीयताको स्तरमा के कस्तो प्रभाव पार्दछन् भन्ने कुरा थाहा पाउन तिनको संरचनागत स्वरूप पहिल्याउनु आवश्यक छ ।

**पहिलो अनुच्छेदको अक्षर संरचना**

अक्षर संरचनाका दृष्टिले अध्ययन गर्नका लागि पहिलो अनुच्छेद कक्षा तीनको नेपाली पाठ्यपुस्तकको ढुङ्गाको खिचडी पाठको तेस्रो अनुच्छेदलाई लिइएको छ । यस अनुच्छेदमा प्रयुक्त शब्दहरूलाई तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ :

**तालिका २**

*पहिलो अनुच्छेदमा प्रयुक्त अक्षरसंरचना*

| अक्षर | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकाक्षरी | चार | १३.३ |
| दुई अक्षरी | सोह्र | ५३.३ |
| तीन अक्षरी | छ | २० |
| चार अक्षरी | चार | १३.३ |
| **जम्मा** | **तिस** | **१००** |

तालिकाअनुसार अक्षर संरचनाका दृष्टिले अनुच्छेदमा एकाक्षरीदेखि चार अक्षरीसम्मका शब्दहरू प्रयोगमा आएका पाइन्छन् । सम्बद्ध अनुच्छेदमा प्रयुक्त जम्मा तिस शब्दहरूमध्ये एकाक्षरी १३.३ प्रतिशत, दुई अक्षरी ५३.३ प्रतिशत, तीन अक्षरी २० प्रतिशत र चार अक्षरी शब्द १३.३ प्रतिशत रहेको देखिन्छ । यसरी यस अनुच्छेदमा सबैभन्दा बढी दुई अक्षरी र त्यसपछि क्रमशः तीन अक्षरी र एकाक्षरी तथा चार अक्षरी शब्दहरू बराबर रहेको पाइन्छ । यस आधारमा हेर्दा अनुच्छेद सरल र पठनीय देखिएको छ ।

**दोस्रो अनुच्छेदको अक्षर संरचना**

अक्षर संरचनाका दृष्टिले पाठ्यपुस्तकको अध्ययन गर्न कक्षा तीनको म को हुँ पाठको पाँचौं अनुच्छेदलाई लिइएको छ । यस अनुच्छेदमा प्रयुक्त शब्दहरूलाई तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ :

**तालिका ३**

*दोस्रो अनुच्छेदमा प्रयुक्त अक्षरसंरचना*

| अक्षर | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकाक्षरी | एघार | १४.४७ |
| दुई अक्षरी | त्रिचालिस | ५६.५८ |
| तीन अक्षरी | बाह्र | १५.७९ |
| चार अक्षरी | दश | १३.१६ |
| **जम्मा** | **छयहत्तर** | **१००** |

तालिकाअनुसार अक्षर संरचनाका दृष्टिले उक्त अनुच्छेदमा एकाक्षरीदेखि चार अक्षरीसम्मका शब्दहरू प्रयोगमा आएका पाइन्छन् । सम्बद्ध अनुच्छेदमा प्रयुक्त जम्मा ७६ शब्दहरूमध्ये एकाक्षरी १४.४७ प्रतिशत, दुई अक्षरी ५६.५८ प्रतिशत, तीन अक्षरी १५.७९ प्रतिशत र चार अक्षरी शब्द १३.१६

प्रतिशत रहेको देखिन्छ । यसरी यस अनुच्छेदमा सबैभन्दा बढी दुई अक्षरी र त्यसपछि क्रमशः तीन अक्षरी, एकाक्षरी तथा चार अक्षरी शब्दहरू रहेको पाइन्छ । जसले गर्दा पाठलाई पठनीय बनाउन सहयोग पुगेको देखिन्छ ।

### तेस्रो अनुच्छेदको अक्षर संरचना

अक्षर संरचनाका दृष्टिले पाठ्यपुस्तकको अध्ययन गर्न तेस्रो अनुच्छेदका रूपमा अनौठो परीक्षा कथाको सातौं अनुच्छेदलाई लिइएको छ । यस अनुच्छेदमा प्रयुक्त शब्दहरूलाई तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ :

**तालिका ४**

*तेस्रो अनुच्छेदमा प्रयुक्त अक्षरसंरचना*

| अक्षर | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकाक्षरी | एक | ६.२५ |
| दुई अक्षरी | छ | ३७.५ |
| तीन अक्षरी | सात | ४३.७५ |
| चार अक्षरी | एक | ६.२५ |
| पाँच अक्षरी | एक | ६.२५ |
| **जम्मा** | **सोह्र** | **१००** |

तालिकाअनुसार अक्षर संरचनाका दृष्टिले यस अनुच्छेदमा एकाक्षरीदेखि पाँच अक्षरीसम्मका शब्दहरू प्रयोगमा आएका पाइन्छन् । सम्बद्ध अनुच्छेदमा प्रयुक्त जम्मा १६ शब्दहरूमध्ये एकाक्षरी ६.२५ प्रतिशत, दुई अक्षरी ३७.५ प्रतिशत, तीन अक्षरी ४३.७५ प्रतिशत, चार अक्षरी शब्द ६.२५ प्रतिशत र पाँच अक्षरी शब्द ६.२५ प्रतिशत रहेको देखिन्छ । यसरी यस अनुच्छेदमा सबैभन्दा बढी तीन अक्षरी त्यसपछि दुई अक्षरी र एकाक्षरी, चार अक्षरी तथा पाँच अक्षरी शब्दहरू बराबर रहेको पाइन्छ । उक्त अनुच्छेद अन्य अनुच्छेदका तुलनामा अलि कठिन देखिन्छ ।

### चौथो अनुच्छेदको अक्षर संरचना

अक्षर संरचनाका दृष्टिले कक्षा तीनको नेपाली पाठ्यपुस्तकको अध्ययन गर्न नयाँ वर्षको उपहार कथाको सातौँ अनुच्छेदलाई लिइएको छ । यस अनुच्छेदमा प्रयुक्त शब्दहरूलाई तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ :

**तालिका ५**

*चौथो अनुच्छेदमा प्रयुक्त अक्षरसंरचना*

| अक्षर | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकाक्षरी | तीन | ९.३७ |
| दुई अक्षरी | उन्नाइस | ५९.३८ |
| तीन अक्षरी | आठ | २५ |
| चार अक्षरी | एका | ३.१२ |
| पाँच अक्षरी | एक | ३.१२ |
| **जम्मा** | **बत्तीस** | **१००** |

तालिकाअनुसार अक्षर संरचनाका दृष्टिले यस अनुच्छेदमा एकाक्षरीदेखि पाँच अक्षरीसम्मका शब्दहरू प्रयोगमा आएका पाइन्छन् । सम्बद्ध अनुच्छेदमा प्रयुक्त जम्मा ३२ शब्दहरूमध्ये एकाक्षरी ९.३७ प्रतिशत, दुई अक्षरी ५९.३८ प्रतिशत, तीन अक्षरी २५ प्रतिशत, चार अक्षरी शब्द ३.१२ प्रतिशत र पाँच अक्षरी शब्द पनि ३.१२ प्रतिशत नै रहेको देखिन्छ । यसरी यस अनुच्छेदमा सबैभन्दा बढी दुई अक्षरी र त्यसपछि तीन अक्षरी र चार अक्षरी तथा पाँच अक्षरी शब्दहरू बराबर रहेको पाइन्छ ।

## पाँचौँ अनुच्छेदको अक्षर संरचना

अक्षर संरचनाको अध्ययन गर्न पाँचौँ अनुच्छेदका रूपमा कक्षा तीनको नेपाली पाठ्यपुस्तकको खेर नफालौँ प्रबन्धको तेस्रो अनुच्छेदलाई लिइएको छ । यस अनुच्छेदमा प्रयुक्त शब्दहरूलाई तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ ।

**तालिका ६**

*पाँचौँ अनुच्छेदमा प्रयुक्त अक्षरसंरचना*

| अक्षर | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकाक्षरी | नौ | १२.८६ |
| दुई अक्षरी | सैतिर | ५२.८६ |
| तीन अक्षरी | सत्र | २४.२६ |
| चार अक्षरी | चार | ५.७ |
| पाँच अक्षरी | दुई | २.८६ |
| छ अक्षरी | एक | १.४ |
| **जम्मा** | **सत्तरी** | **१००** |

तालिकाअनुसार अक्षर संरचनाका दृष्टिले यस अनुच्छेदमा एकाक्षरीदेखि छ अक्षरीसम्मका शब्दहरू प्रयोगमा आएका पाइन्छन् । सम्बद्ध अनुच्छेदमा प्रयुक्त जम्मा ७० शब्दहरूमध्ये एकाक्षरी १२.८६ प्रतिशत, दुई अक्षरी ५२.८६ प्रतिशत, तीन अक्षरी २४.२६ प्रतिशत र चार अक्षरी ५.७ प्रतिशत, पाँच अक्षरी २.८६ प्रतिशत र छ अक्षरी १.४ प्रतिशत शब्द रहेको देखिन्छ । यसरी यस अनुच्छेदमा सबैभन्दा बढी दुई अक्षरी र त्यसपछि क्रमशः तीन  अक्षरी, एकाक्षरी, चार अक्षरी, पाँच अक्षरी र छ अक्षरी शब्दहरू रहेको पाइन्छ ।

## छैटौँ अनुच्छेदको अक्षर संरचना

कक्षा तीनको नेपाली पाठ्यपुस्तकको अक्षर संरचनाका दृष्टिले अध्ययन गर्न छैटौँ अनुच्छेदका रूपमा महाकवि देवकोटा पाठको चौथो अनुच्छेदलाई छनोट गरिएको छ । यस अनुच्छेदमा प्रयुक्त शब्दहरूलाई तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ :

**तालिका ७**

*छैटौँ अनुच्छेदमा प्रयुक्त अक्षरसंरचना*

| अक्षर | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकाक्षरी | दुई | ४.२ |
| दुई अक्षरी | सत्ताइस | ५६.२५ |
| तीन अक्षरी | चौध | २९.१६ |
| चार अक्षरी | चार | ८.३ |
| पाँच अक्षरी | एक | २.१ |
| **जम्मा** | **अठचालिस** | **१००** |

प्रस्तुत तालिकाअनुसार अक्षरू संरचनाका दृष्टिले अनुच्छेदमा एकाक्षरीदेखि चार अक्षरीसम्मका शब्दहरू प्रयोगमा आएका पाइन्छन् । सम्बद्ध अनुच्छेदमा प्रयुक्त जम्मा अठचालिस शब्दहरूमध्ये एकाक्षरी १३.३ प्रतिशत, दुई अक्षरी ५३.३ प्रतिशत, तीन अक्षरी २० प्रतिशत र चार अक्षरी शब्द १३.३ प्रतिशत रहेको देखिन्छ । यसरी यस अनुच्छेदमा सबैभन्दा बढी दुई अक्षरी र त्यसपछि क्रमश: तीन अक्षरी र एकाक्षरी तथा चार अक्षरी शब्दहरू बराबर रहेको पाइन्छ ।

## सातौँ अनुच्छेद अक्षर संरचना

सातौँ अनुच्छेदका रूपमा बाँदर र गोही कथाको पहिलो अनुच्छेदलाई अक्षर संरचनाका दृष्टिले अध्ययन गर्न छनोट गरिएको छ । यस अनुच्छेदमा प्रयुक्त शब्दहरूलाई तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ :

**तालिका ८**

*सातौँ अनुच्छेदमा प्रयुक्त अक्षरसंरचना*

| अक्षर | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकाक्षरी | दुई | ६.२५ |
| दुई अक्षरी | बाइस | ६८.७५ |
| तीन अक्षरी | छ | १८.७५ |
| चार अक्षरी | दुई | ६.२५ |
| **जम्मा** | **बत्तिस** | **१००** |

तालिकाअनुसार अक्षर संरचनाका दृष्टिले अनुच्छेदमा एकाक्षरीदेखि चार अक्षरीसम्मका शब्दहरू प्रयोगमा आएका पाइन्छन् । सम्बद्ध अनुच्छेदमा प्रयुक्त जम्मा बत्तिस शब्दहरूमध्ये एकाक्षरी ६.२५ प्रतिशत, दुई अक्षरी ६८.७५ प्रतिशत, तीन अक्षरी १८.७५ प्रतिशत र चार अक्षरी शब्द ६.२५ प्रतिशत रहेको देखिन्छ । यसरी यस अनुच्छेदमा सबैभन्दा बढी दुई अक्षरी र त्यसपछि क्रमशः तीन अक्षरी र एकाक्षरी तथा चार अक्षरी शब्दहरू बराबर रहेको पाइन्छ ।

**आठौँ पाठको अक्षर संरचना**

अक्षर संरचनाका दृष्टिले अध्ययन गर्न आठौँ पाठका रूपमा सगरमाथा निबन्धको तेस्रो अनुच्छेदलाई लिइएको छ । यस अनुच्छेदमा प्रयुक्त शब्दहरूलाई तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ :

**तालिका ९**

*आठौँ अनुच्छेदमा प्रयुक्त अक्षरसंरचना*

| अक्षर | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकाक्षरी | छ | १०.७१ |
| दुई अक्षरी | अठार | ३२.१४ |
| तीन अक्षरी | चौबिस | ४२.८६ |
| चार अक्षरी | सात | १२.५ |
| पाँच अक्षरी | एक | १.७९ |
| **जम्मा** | **छपन्न** | **१००** |

तालिकाअनुसार अक्षर संरचनाका दृष्टिले यस अनुच्छेदमा एकाक्षरीदेखि पाँच अक्षरीसम्मका शब्दहरू प्रयोगमा आएका पाइन्छन् । सम्बद्ध अनुच्छेदमा प्रयुक्त जम्मा ५६ शब्दहरूमध्ये एकाक्षरी १०.७१ प्रतिशत, दुई अक्षरी ३२.१४ प्रतिशत, तीन अक्षरी ४२.८६ प्रतिशत, चार अक्षरी १२.५ प्रतिशत र पाँच अक्षरी शब्द १.७९ प्रतिशत रहेको देखिन्छ । यसरी यस अनुच्छेदमा सबैभन्दा बढी तीन अक्षरी र त्यसपछि क्रमशः दुई अक्षरी, चार अक्षरी, एकाक्षरी र पाँच अक्षरी शब्दहरू रहेको पाइन्छ ।

**नबौँ पाठको अक्षर संरचना**

अक्षर संरचनाका दृष्टिले अध्ययन गर्न नबौँ पाठका रूपमा कक्षा तीनको नेपाली पाठ्यपुस्तकको वीरमानका दिन फर्किए कथाको अन्तिम अनुच्छेदलाई लिइएको छ । यस अनुच्छेदमा प्रयुक्त शब्दहरूलाई तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ :

**तालिका १०**

*नबौँ अनुच्छेदमा प्रयुक्त अक्षरसंरचना*

| अक्षर | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकाक्षरी | सात | १५.५५ |
| दुई अक्षरी | सोह्र | ३५.५५ |
| तीन अक्षरी | सोह्र | ३५.५५ |
| चार अक्षरी | पाँच | ११.११ |
| छ अक्षरी | एक | २.२२ |
| **जम्मा** | **पैँतालिस** | **१००** |

तालिकाअनुसार अक्षर संरचनाका दृष्टिले अनुच्छेदमा एकाक्षरीदेखि छ अक्षरीसम्मका शब्दहरू प्रयोगमा आएका पाइन्छन् । सम्बद्ध अनुच्छेदमा प्रयुक्त जम्मा पैँतालिस शब्दहरूमध्ये एकाक्षरी १५.५५ प्रतिशत, दुई अक्षरी ३५.५५ प्रतिशत, तीन अक्षरी ३५.५५ प्रतिशत, चार अक्षरी ११.११

प्रतिशत र छ अक्षरी शब्द २.२२ प्रतिशत रहेको देखिन्छ । यसरी यस अनुच्छेदमा सबैभन्दा बढी दुई अक्षरी र तीन अक्षरी त्यसपछि क्रमशः एकाक्षरी, चार अक्षरी तथा छ अक्षरी शब्दहरू रहेको पाइन्छ ।

### दशौँ पाठको अक्षर संरचना

अक्षर संरचनाका दृष्टिले अध्ययन गर्न दशौँ पाठका रूपमा कक्षा तीनको नेपाली पाठ्यपुस्तकको छट्टु बटुवा कथाको दोस्रो अनुच्छेदलाई लिइएको छ । यस अनुच्छेदमा प्रयुक्त शब्दहरूलाई तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ :

**तालिका ११**

*दशौँ अनुच्छेदमा प्रयुक्त अक्षरसंरचना*

| अक्षर | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकाक्षरी | चार | १०.८ |
| दुई अक्षरी | बिस | ५४.१ |
| तीन अक्षरी | नौ | २४.३ |
| चार अक्षरी | चार | १०.८ |
| **जम्मा** | **सैतिस** | **१००** |

तालिकाअनुसार अक्षर संरचनाका दृष्टिले यस अनुच्छेदमा एकाक्षरीदेखि चार अक्षरीसम्मका शब्दहरू प्रयोगमा आएका पाइन्छन् । सम्बद्ध अनुच्छेदमा प्रयुक्त जम्मा सैतिस शब्दहरूमध्ये एकाक्षरी १०.८ प्रतिशत, दुई अक्षरी ५४.१ प्रतिशत, तीन अक्षरी २४.३ प्रतिशत र चार अक्षरी शब्द १०.८ प्रतिशत रहेको देखिन्छ । यसरी यस अनुच्छेदमा सबैभन्दा बढी दुई अक्षरी, त्यसपछि तीन  अक्षरी र एकाक्षरी तथा चार अक्षरी शब्दहरू बराबर रहेको पाइन्छ ।

### शब्दवर्ग

एक वा एकभन्दा बढी रूपबाट बनेको अर्थयुक्त भाषिक एकाइलाई शब्द र व्याकरणात्मक कार्य, रूप र अर्थका दृष्टिले देखा पर्न आउने शब्दका प्रकारगत स्वरूपलाई शब्दवर्ग भनिन्छ । वाक्यमा विभिन्न किसिमका शब्दहरू र एउटै शब्द पनि सन्दर्भअनुसार फरक ढङ्गले प्रयोगमा आएका हुन्छन् । यस्ता शब्दहरूलाई स्रोत, बनोट र कार्यका आधारमा वर्गीकरण गरिएको हुन्छ । शब्दवर्गका पठनशीलताको अध्ययनार्थ सबैभन्दा नामवर्ग र क्रियावर्गका प्रयोग र प्रभाव बढी देखिन्छ । विशेषतः पाठ्यसामग्रीमा अमूर्तनाम र अदृष्ट क्रियाहरूको प्रयोग जति बढी हुन्छ त्यति नै उक्त पाठ्यवस्तुको कठिनाइस्तर उच्च रहन्छ । तसर्थ पाठ्यसामग्री निर्माण गर्दा मूर्तनाम र अदृष्ट क्रियाको प्रयोग बढी र अमूर्त नाम र अदृष्ट क्रियाको प्रयोग अत्यन्त न्यून रहनुपर्दछ । प्रस्तुत अध्ययनमा कक्षा तीनको नेपाली पाठ्यपुस्तकको गद्यांशहरूमा  प्रयुक्त नाम, सर्वनाम, विशेषण र क्रियापदमध्ये नाम र क्रियाका आधारमा पाठ्यपुस्तकको पठनशीलताको स्थिति पहिल्याउने काम गरिएको छ ।

### पहिलो पाठको शब्दवर्ग

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको शब्दवर्ग अध्ययन गर्नका लागि पहिलो पाठका रूपमा ढुङ्गाको खिचडी कथाको तेस्रो अनुच्छेदलाई लिइएको छ । शब्दवर्गमध्ये मूर्त र अमूर्त नाम, दृष्ट र अदृष्ट क्रियाका आधारमा पाठको अध्ययन गरिएको छ । यस अनुच्छेदमा निहित शब्दहरूको विवरण र शब्दवर्गलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १२**

*पहिलो पाठमा नाम र क्रियावर्ग*

| **शब्दवर्ग** | **शब्द सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| मूर्त नाम | आठ | ५० |
| अमूर्त नाम | एक | ६.२५ |
| दृष्ट क्रिया | सात | ४३.७५ |
| अदृष्ट क्रिया | ० | ० |
| **जम्मा** | **सोह्र** | **१००** |

तालिकाअनुसार यस अनुच्छेदमा रहेका १६ शब्दहरूमध्ये शब्दवर्गमा नामवर्गअन्तर्गत मूर्तनाममा ५० प्रतिशत, अमूर्तनाममा ६.२५ प्रतिशत, दृष्ट क्रियामा ४३.७५ शब्दहरूको प्रयोग भएको छ । उपर्युक्त विवरणलाई हेर्दा मूर्तनामका शब्दहरूको प्रयोग सबैभन्दा धेरै देखिन्छ भने त्यसपछि क्रमशः दृष्ट क्रियाका र अमूर्त नामका शब्दहरू प्रयोग भएका देखिन्छन् ।

### दोस्रो पाठको शब्दवर्ग

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको शब्दवर्ग अध्ययन गर्नका लागि दोस्रो पाठ नमुनाका रूपमा म को हुँ पाठको पाँचौँ अनुच्छेदलाई लिइएको छ । शब्दवर्गमध्ये मूर्त र अमूर्त नाम, दृष्ट र अदृष्ट क्रियाका आधारमा पाठको अध्ययन गरिएको छ । यस अनुच्छेदमा निहित शब्दहरूको विवरण र शब्दवर्गलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १३**

*दोस्रो पाठमा नाम र क्रियावर्ग*

| **शब्दवर्ग** | **शब्द सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| मूर्त नाम | बाह्र | ४८ |
| अमूर्त नाम | एक | ४ |
| दृष्ट क्रिया | बाह्र | ४८ |
| अदृष्ट क्रिया | ० | ० |
| **जम्मा** | **पच्चिस** | **१००** |

तालिकाअनुसार यस अनुच्छेदमा रहेका पच्चिस शब्दहरूमध्ये शब्दवर्गमा नामवर्गअन्तर्गत मूर्तनाममा ४८ प्रतिशत, अमूर्तनाममा ४ प्रतिशत, दृष्ट क्रियामा ४८ शब्दहरूको प्रयोग भएको छ । उपर्युक्त

विवरणलाई हेर्दा मूर्तनामका शब्दहरू र अमूर्तनामका शब्दहरू बराबर प्रयोग भएका देखिन्छन् भने त्यसपछि अमूर्त नामका शब्दहरू प्रयोग भएका देखिन्छन् ।

### तेस्रो पाठको शब्दवर्ग

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको शब्दवर्ग अध्ययन गर्नका लागि तेस्रो पाठ नमुनाका रूपमा अनौठो परीक्षा कथाको अन्तिम अनुच्छेदलाई लिइएको छ । शब्दवर्गमध्ये मूर्त र अमूर्त नाम, दृष्ट र अदृष्ट क्रियाका आधारमा पाठको अध्ययन गरिएको छ । यस अनुच्छेदमा निहित शब्दहरूको विवरण र शब्दवर्गलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १४**

*तेस्रो पाठमा नाम र क्रियावर्ग*

| शब्दवर्ग | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मूर्त नाम | चार | ३६.३६ |
| अमूर्त नाम | एक | ९.०९ |
| दृष्ट क्रिया | पाँच | ४५.४५ |
| अदृष्ट क्रिया | एक | ९.०९ |
| **जम्मा** | **एघार** | **१००** |

तालिकाअनुसार यस अनुच्छेदमा रहेका एघार ओटा शब्दहरूमध्ये नामवर्गअन्तर्गत मूर्तनाममा ३६.३६ प्रतिशत, अमूर्तनाममा ९.०९ प्रतिशत, दृष्ट क्रियामा ४५.४५ प्रतिशत र अदृष्ट क्रिया ९.०९ प्रतिशत शब्दहरूको प्रयोग भएको छ । उपर्युक्त विवरणलाई हेर्दा दृष्ट क्रिया शब्दहरूको प्रयोग सबैभन्दा धेरै देखिन्छ भने त्यसपछि मूर्त नाम र अमूर्त नाम तथा अदृष्ट क्रियाका शब्दहरू बराबर प्रयोग भएका देखिन्छन् ।

### चौथो पाठको शब्दवर्ग

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको शब्दवर्ग अध्ययन गर्नका लागि चौथो पाठ नमुनाका रूपमा नयाँ वर्षको उपहार कथाको पाँचौँ अनुच्छेदलाई लिइएको छ । शब्दवर्गमध्ये मूर्त र अमूर्त नाम, दृष्ट र अदृष्ट क्रियाका आधारमा पाठको अध्ययन गरिएको छ । यस अनुच्छेदमा निहित शब्दहरूको विवरण र शब्दवर्गलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १५**

*चौथो पाठमा नाम र क्रियावर्ग*

| शब्दवर्ग | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मूर्त नाम | बाह्र | ५४.५ |
| अमूर्त नाम | एक | ४.५ |
| दृष्ट क्रिया | नौ | ४०.९ |
| अदृष्ट क्रिया | ० | ० |
| **जम्मा** | **बाइस** | **१००** |

तालिकाअनुसार यस अनुच्छेदमा रहेका बाइस ओटा शब्दहरूमध्ये नामवर्गअन्तर्गत मूर्तनाममा ५४.५ प्रतिशत, अमूर्तनाममा ४.५ प्रतिशत, दृष्ट क्रियामा ४०.९ प्रतिशत शब्दहरूको प्रयोग भएको छ । उपर्युक्त विवरणलाई हेर्दा मूर्तनाम शब्दहरूको प्रयोग सबैभन्दा धेरै देखिन्छ भने त्यसपछि क्रमशः दृष्ट क्रिया र अमूर्तनाम शब्दहरू प्रयोग भएका देखिन्छन् ।

### पाँचौँ पाठको शब्दवर्ग

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको शब्दवर्ग अध्ययन गर्नका लागि पाँचौँ पाठ नमुनाका रूपमा खेर नफालौँ प्रबन्धको तेस्रो अनुच्छेदलाई लिइएको छ । शब्दवर्गमध्ये मूर्त र अमूर्त नाम, दृष्ट र अदृष्ट क्रियाका आधारमा पाठको अध्ययन गरिएको छ । यस अनुच्छेदमा निहित शब्दहरूको विवरण र शब्दवर्गलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १६**

*पाँचौ पाठमा नाम र क्रियावर्ग*

| शब्दवर्ग | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मूर्त नाम | चौध | ४६.७ |
| अमूर्त नाम | एक | ३.३ |
| दृष्ट क्रिया | पन्ध्र | ५० |
| अदृष्ट क्रिया | ० | ० |
| **जम्मा** | **तिस** | **१००** |

तालिकाअनुसार यस अनुच्छेदमा रहेका तिस ओटा शब्दहरूमध्ये नामवर्गअन्तर्गत मूर्तनाममा ४६.७ प्रतिशत, अमूर्तनाममा ३.३ प्रतिशत, दृष्ट क्रियामा ५० प्रतिशत शब्दहरूको प्रयोग भएको छ । उपर्युक्त विवरणलाई हेर्दा दृष्ट क्रिया शब्दहरूको प्रयोग सबैभन्दा धेरै देखिन्छ भने त्यसपछि मूर्त नाम र अमूर्तनाम शब्दहरू प्रयोग भएका देखिन्छन् ।

### छैटौँ पाठको शब्दवर्ग

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको शब्दवर्ग अध्ययन गर्नका लागि छैटौँ पाठ नमुनाका रूपमा महाकवि देवकोटा जीवनीको चौथो अनुच्छेदलाई लिइएको छ । शब्दवर्गमध्ये मूर्त र अमूर्त नाम, दृष्ट र अदृष्ट क्रियाका आधारमा पाठको अध्ययन गरिएको छ । यस अनुच्छेदमा निहित शब्दहरूको विवरण र शब्दवर्गलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १७**

*छैटौँ पाठमा नाम र क्रियावर्ग*

| शब्दवर्ग | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मूर्त नाम | छ | ३३.३ |
| अमूर्त नाम | तीन | १६.७ |
| दृष्ट क्रिया | नौ | ५० |
| अदृष्ट क्रिया | ० | ० |
| **जम्मा** | **अठार** | **१००** |

तालिकाअनुसार यस अनुच्छेदमा रहेका अठारओटा शब्दहरूमध्ये नामवर्गअन्तर्गत मूर्तनाममा ३३.३३ प्रतिशत, अमूर्तनाममा १६.७ प्रतिशत, दृष्ट क्रियामा ५० प्रतिशत शब्दहरूको प्रयोग भएको छ । उपर्युक्त विवरणलाई हेर्दा दृष्ट क्रिया शब्दहरूको प्रयोग सबैभन्दा धेरै देखिन्छ भने त्यसपछि मूर्त नाम र अमूर्तनाम शब्दहरू प्रयोग भएका देखिन्छन् ।

## सातौँ पाठको शब्दवर्ग

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको शब्दवर्ग अध्ययन गर्नका लागि सातौँ पाठ नमुनाका रूपमा बाँदर र गोही कथाको पहिलो अनुच्छेदलाई लिइएको छ । शब्दवर्गमध्ये मूर्त र अमूर्त नाम, दृष्ट र अदृष्ट क्रियाका आधारमा पाठको अध्ययन गरिएको छ । यस अनुच्छेदमा निहित शब्दहरूको विवरण र शब्दवर्गलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १८**

*सातौँ पाठमा नाम र क्रियावर्ग*

| **शब्दवर्ग** | **शब्द सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| मूर्त नाम | सोह्र | ६९.६ |
| अमूर्त नाम | ० | ० |
| दृष्ट क्रिया | सात | ३०.४ |
| अदृष्ट क्रिया | ० | ० |
| **जम्मा** | **तेइस** | **१००** |

तालिकाअनुसार यस अनुच्छेदमा रहेका तेइसओटा शब्दहरूमध्ये नामवर्गअन्तर्गत मूर्तनाममा ६९.६ प्रतिशत, दृष्ट क्रियामा ३०.४ प्रतिशत शब्दहरूको प्रयोग भएको छ । उपर्युक्त विवरणलाई हेर्दा मूर्तनाम शब्दहरूको प्रयोग सबैभन्दा धेरै देखिन्छ भने त्यसपछि दृष्ट क्रियाका शब्दहरू प्रयोग भएका देखिन्छन् ।

## आठौँ पाठको शब्दवर्ग

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको शब्दवर्ग अध्ययन गर्नका लागि आठौँ पाठ नमुनाका रूपमा सगरमाथा प्रबन्धको तेस्रो अनुच्छेदलाई लिइएको छ । शब्दवर्गमध्ये मूर्त र अमूर्त नाम, दृष्ट र अदृष्ट क्रियाका आधारमा पाठको अध्ययन गरिएको छ । यस अनुच्छेदमा निहित शब्दहरूको विवरण र शब्दवर्गलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १९**

*आठौँ पाठमा नाम र क्रियावर्ग*

| शब्दवर्ग | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मूर्त नाम | अट्ठाइस | ७७.८ |
| अमूर्त नाम | ० | ० |
| दृष्ट क्रिया | आठ | २२.२ |
| अदृष्ट क्रिया | ० | ० |
| **जम्मा** | **छत्तिस** | **१००** |

तालिकाअनुसार यस अनुच्छेदमा रहेका छत्तिसओटा शब्दहरूमध्ये नामवर्गअन्तर्गत मूर्तनाममा ७७.८ प्रतिशत र दृष्ट क्रियामा २२.२ प्रतिशत शब्दहरूको प्रयोग भएको छ । उपर्युक्त विवरणलाई हेर्दा मूर्त नाम शब्दहरूको प्रयोग सबैभन्दा धेरै देखिन्छ भने त्यसपछि दृष्ट क्रियाका शब्दहरू प्रयोग भएका देखिन्छन् ।

**नबौँ पाठको शब्दवर्ग**

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको शब्दवर्ग अध्ययन गर्नका लागि नबौँ पाठ नमुनाका रूपमा वीरमानका दिन फर्किए कथाको अन्तिम अनुच्छेदलाई लिइएको छ । शब्दवर्गमध्ये मूर्त र अमूर्त नाम, दृष्ट र अदृष्ट क्रियाका आधारमा पाठको अध्ययन गरिएको छ । यस अनुच्छेदमा निहित शब्दहरूको विवरण र शब्दवर्गलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २०**

*नबौँ पाठमा नाम र क्रियावर्ग*

| शब्दवर्ग | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मूर्त नाम | सोह्र | ५५.२ |
| अमूर्त नाम | एक | ३.४ |
| दृष्ट क्रिया | नौ | ३९.१ |
| अदृष्ट क्रिया | तीन | १०.३ |
| **जम्मा** | **उनन्तिस** | **१००** |

तालिकाअनुसार यस अनुच्छेदमा रहेका उनन्तिसओटा शब्दहरूमध्ये नामवर्गअन्तर्गत मूर्तनाममा ५५.२ प्रतिशत, अमूर्त नाम ३.४ प्रतिशत,दृष्ट क्रिया ३९.१ प्रतिशत र अदृष्ट क्रिया १०.३ प्रतिशत शब्दहरूको प्रयोग भएको छ । उपर्युक्त विवरणलाई हेर्दा मूर्त नाम शब्दहरूको प्रयोग सबैभन्दा धेरै देखिन्छ भने त्यसपछि क्रमशः दृष्ट क्रिया, अदृष्ट क्रिया र अमूर्तनाम शब्दहरू प्रयोग भएका देखिन्छन् ।

### दशौँ पाठको शब्दवर्ग

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको शब्दवर्ग अध्ययन गर्नका लागि दशौँ पाठ नमुनाका रूपमा छट्टु बटुवा कथाको दोस्रो अनुच्छेदलाई लिइएको छ । शब्दवर्गमध्ये मूर्त र अमूर्त नाम, दृष्ट र अदृष्ट क्रियाका आधारमा पाठको अध्ययन गरिएको छ । यस अनुच्छेदमा निहित शब्दहरूको विवरण र शब्दवर्गलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २१**

*दशौँ पाठमा नाम र क्रियावर्ग*

| शब्दवर्ग | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मूर्त नाम | एघार | ५७.९ |
| अमूर्त नाम | ० | ० |
| दृष्ट क्रिया | आठ | ४२.१ |
| अदृष्ट क्रिया | ० | ० |
| **जम्मा** | **उन्नाइस** | **१००** |

तालिकाअनुसार यस अनुच्छेदमा रहेका उन्नाइसओटा शब्दहरूमध्ये नामवर्गअन्तर्गत मूर्तनाममा ५७.९ प्रतिशत र दृष्ट क्रियामा ४२.१ प्रतिशत शब्दहरूको प्रयोग भएको छ । उपर्युक्त विवरणलाई हेर्दा मूर्त नाम शब्दहरूको प्रयोग सबैभन्दा धेरै देखिन्छ भने त्यसपछि दृष्ट क्रियाका शब्दहरू प्रयोग भएका देखिन्छन् ।

### वाक्य संरचना

एक किसिमको अवधारणा व्यक्त गर्दा एउटा कर्ता र समापिका क्रियाका साथमा आउने पदावलीभन्दा माथिल्लो भाषिक एकाइ वाक्य हो । संरचनाका आधारमा वाक्यलाई सरल र जटिल गरी दुई कोटिमा छुट्याउन सकिन्छ । सरल वाक्यमा एउटा कर्ता र एउटा क्रियापदको प्रयोग हुन्छ । जटिल वाक्य पनि संयुक्त र मिश्र रूपमा हुन्छन् । कुनै वाक्यमा असमापिका उपवाक्यको प्रयोग छ भने त्यस्ता वाक्य पनि जटिल नै मानिन्छन् । जटिल वाक्यको आधिक्यले पाठ्यसामग्री कठिन बन्दछ । पाठ्यसामग्रीलाई सरल बनाउन शब्द छनोटपछि वाक्यको भूमिका महत्वपूर्ण रहेको हुन्छ । मूलतः प्रयोगका दृष्टिले भाषालाई सम्प्रेष्य बनाउन सबै विषयका पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा जटिल वाक्यको तुलनामा सरल वाक्यको प्रयोग अत्यधिक रहनुपर्दछ । अतः प्रस्तुत अध्ययन पठनशीलताका दृष्टिले गरिएको वाक्यसम्बन्धी अध्ययन पनि यही मान्यतामा केन्द्रित छ ।

### पहिलो पाठको वाक्यसंरचना

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त पाठहरूको वाक्यसंरचना अध्ययन गर्नका लागि ढुङ्गाको खिचडी कथाको तेस्रो अनुच्छेदलाई पहिलो पाठको नमुनाका रूपमा लिइएको छ । वाक्यसंरचनाको अध्ययन गर्नका लागि वाक्यलाई सरल, जटिल संयुक्त र जटिल संश्लिष्टमा वर्गीकरण गरी पाठको अध्ययन विश्लेषण गरिएको छ । यस पाठमा निहित वाक्यहरूको विवरण र संरचनालाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २२**

*पहिलो पाठका वाक्य*

| वाक्य | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरल | चार | ८० |
| जटिल संयुक्त | एक | २० |
| जटिल संश्लिष्ट | ० | ० |
| **जम्मा** | **पाँच** | **१००** |

तालिका अनुसार अनुच्छेदमा जम्मा पाँचओटा वाक्यहरू प्रयोगमा आएको देखिन्छन्, जसमध्ये सरल वाक्य ८० प्रतिशत र जटिल संयुक्त २० प्रतिशत वाक्यहरूको प्रयोग भएको छ । यसरी यस वाक्यमा सरल वाक्यको सङ्ख्या अत्यधिक रहेको देखिन्छ ।

**दोस्रो पाठको वाक्यसंरचना**

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त पाठहरूको वाक्यसंरचना अध्ययन गर्नका लागि म को हुँ प्रबन्धको पाँचौं अनुच्छेदलाई दोस्रो पाठको नमुनाका रूपमा लिइएको छ । वाक्यसंरचनाको अध्ययन गर्नका लागि वाक्यलाई सरल, जटिल संयुक्त र जटिल संश्लिष्टमा वर्गीकरण गरी पाठको अध्ययन विश्लेषण गरिएको छ । यस पाठमा निहित वाक्यहरूको विवरण र संरचनालाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २३**

*दोस्रो पाठका वाक्य*

| वाक्य | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरल | दश | ८३.३ |
| जटिल संयुक्त | एक | ८.३ |
| जटिल संश्लिष्ट | एक | ८.३ |
| **जम्मा** | **बाह्र** | **१००** |

तालिका अनुसार अनुच्छेदमा जम्मा बाह्रओटा वाक्यहरू प्रयोगमा आएको देखिन्छन्, जसमध्ये सरल वाक्य ८३.३ प्रतिशत, जटिल संयुक्त ८.३ प्रतिशत र जटिल संश्लिष्ट ८.३ प्रतिशत वाक्यहरूको प्रयोग भएको छ । यसरी यस वाक्यमा सरल वाक्यको सङ्ख्या अत्यधिक रहेको देखिन्छ भने जटिल वाक्यको सङ्ख्या नयून रहेको छ ।

**तेस्रो पाठको वाक्यसंरचना**

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त पाठहरूको वाक्यसंरचना अध्ययन गर्नका लागि अनौठो परीक्षा कथाको सातौं अनुच्छेदलाई तेस्रो पाठको नमुनाका रूपमा लिइएको छ । वाक्यसंरचनाको अध्ययन गर्नका लागि वाक्यलाई सरल, जटिल संयुक्त र जटिल संश्लिष्टमा वर्गीकरण गरी पाठको

अध्ययन विश्लेषण गरिएको छ । यस पाठमा निहित वाक्यहरूको विवरण र संरचनालाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २४**

*तेस्रो पाठमा वाक्य*

| वाक्य | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरल | पाँच | ६२.५ |
| जटिल संयुक्त | दुई | २५ |
| जटिल संश्लिष्ट | एक | १२.५ |
| **जम्मा** | **आठ** | **१००** |

तालिका अनुसार अनुच्छेदमा जम्मा आठओटा वाक्यहरू प्रयोगमा आएको देखिन्छन्, जसमध्ये सरल वाक्य ६२.५ प्रतिशत, जटिल संयुक्त २५ प्रतिशत र जटिल संश्लिष्ट १२.५ प्रतिशत वाक्यहरूको प्रयोग भएको छ । यसरी यस वाक्यमा सरल वाक्यको सङ्ख्या अत्यधिक रहेको देखिन्छ भने जटिल संयुक्त र जटिल संश्लिष्ट वाक्यको प्रयोग न्युन रहेको छ ।

### चौथो पाठको वाक्यसंरचना

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त पाठहरूको वाक्यसंरचना अध्ययन गर्नका लागि नयाँ वर्षको उपहार कथाको पाँचौं अनुच्छेदलाई चौथो पाठको नमुनाका रूपमा लिइएको छ । वाक्यसंरचनाको अध्ययन गर्नका लागि वाक्यलाई सरल, जटिल संयुक्त र जटिल संश्लिष्टमा वर्गीकरण गरी पाठको अध्ययन विश्लेषण गरिएको छ । यस पाठमा निहित वाक्यहरूको विवरण र संरचनालाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २५**

*चौथो पाठका वाक्य*

| वाक्य | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरल | तीन | ७५ |
| जटिल संयुक्त | एक | २५ |
| जटिल संश्लिष्ट | ० | ० |
| **जम्मा** | **चार** | **१००** |

तालिका अनुसार अनुच्छेदमा जम्मा चारओटा वाक्यहरू प्रयोगमा आएको देखिन्छन्, जसमध्ये सरल वाक्य ७५ प्रतिशत र जटिल संयुक्त २५ प्रतिशत वाक्यहरूको प्रयोग भएको छ । यसरी यस वाक्यमा सरल वाक्यको सङ्ख्या तीन चौथाइ रहेको देखिन्छ भने जटिल वाक्यको सङ्ख्या तीन चौथाइ रहेको छ ।

**पाँचौँ पाठको वाक्यसंरचना**

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त पाठहरूको वाक्यसंरचना अध्ययन गर्नका लागि खेर नफालौँ प्रबन्धको तेस्रो अनुच्छेदलाई पाँचौँ पाठको नमुनाका रूपमा लिइएको छ । वाक्यसंरचनाको अध्ययन गर्नका लागि वाक्यलाई सरल, जटिल संयुक्त र जटिल संश्लिष्टमा वर्गीकरण गरी पाठको अध्ययन विश्लेषण गरिएको छ । यस पाठमा निहित वाक्यहरूको विवरण र संरचनालाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २६**

*पाँचौँ पाठका वाक्य*

| वाक्य | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरल | छ | ७५ |
| जटिल संयुक्त | एक | १२.५ |
| जटिल संश्लिष्ट | एक | १२.५ |
| **जम्मा** | **आठ** | **१००** |

तालिका अनुसार अनुच्छेदमा जम्मा आठओटा वाक्यहरू प्रयोगमा आएको देखिन्छन्, जसमध्ये सरल वाक्य ७५ प्रतिशत, जटिल संयुक्त १२.५ प्रतिशत र जटिल संश्लिष्ट १२.५ प्रतिशत वाक्यहरूको प्रयोग भएको छ । यसरी यस वाक्यमा सरल वाक्यको सङ्ख्या अत्यधिक रहेको देखिन्छ भने जटिल वाक्यको सङ्ख्या नयून रहेको छ ।

**छैटौँ पाठको वाक्यसंरचना**

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त पाठहरूको वाक्यसंरचना अध्ययन गर्नका लागि महाकवि देवकोटा जीवनीको चौथो अनुच्छेदलाई छैटौँ पाठको नमुनाका रूपमा लिइएको छ । वाक्यसंरचनाको अध्ययन गर्नका लागि वाक्यलाई सरल, जटिल संयुक्त र जटिल संश्लिष्टमा वर्गीकरण गरी पाठको अध्ययन विश्लेषण गरिएको छ । यस पाठमा निहित वाक्यहरूको विवरण र संरचनालाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २७**

छैटौँ पाठका वाक्य

| वाक्य | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरल | सात | ८७.५ |
| जटिल संयुक्त | एक | १२.५ |
| जटिल संश्लिष्ट | ० | ० |
| **जम्मा** | **आठ** | **१००** |

तालिकाअनुसार अनुच्छेदमा जम्मा आठओटा वाक्यहरू प्रयोगमा आएको देखिन्छन्, जसमध्ये सरल वाक्य ८७.५ प्रतिशत र जटिल संयुक्त १२.५ प्रतिशत वाक्यहरूको प्रयोग भएको छ । यसरी यस वाक्यमा सरल वाक्यको सङ्ख्या अत्यधिक रहेको देखिन्छ भने जटिल वाक्यको सङ्ख्या नयून रहेको छ ।

## सातौँ पाठको वाक्यसंरचना

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त पाठहरूको वाक्यसंरचना अध्ययन गर्नका लागि बाँदर र गोही कथाको पहिलो अनुच्छेदलाई सातौँ पाठको नमुनाका रूपमा लिइएको छ । वाक्यसंरचनाको अध्ययन गर्नका लागि वाक्यलाई सरल, जटिल संयुक्त र जटिल संश्लिष्टमा वर्गीकरण गरी पाठको अध्ययन विश्लेषण गरिएको छ । यस पाठमा निहित वाक्यहरूको विवरण र संरचनालाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २८**

सातौँ पाठमा वाक्य

| वाक्य | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरल | ७ | १०० |
| जटिल संयुक्त | ० | ० |
| जटिल संश्लिष्ट | ० | ० |
| **जम्मा** | **७** | **१००** |

तालिका अनुसार अनुच्छेदमा जम्मा ७ ओटा वाक्यहरू प्रयोगमा आएको देखिन्छन्, जसमध्ये सरल वाक्यको सङ्ख्या शतप्रतिशत रहेको छ । यसरी यस अनुच्छेदमा सरल वाक्यको मात्र प्रयोग भएको छ ।

## आठौँ पाठको वाक्यसंरचना

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त पाठहरूको वाक्यसंरचना अध्ययन गर्नका लागि सगरमाथा प्रबन्धको तेस्रो अनुच्छेदलाई आठौँ पाठको नमुनाका रूपमा लिइएको छ । वाक्यसंरचनाको अध्ययन गर्नका लागि वाक्यलाई सरल, जटिल संयुक्त र जटिल संश्लिष्टमा वर्गीकरण गरी पाठको अध्ययन विश्लेषण गरिएको छ । यस पाठमा निहित वाक्यहरूको विवरण र संरचनालाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २९**

*आठौँ पाठमा वाक्य*

| वाक्य | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरल | पाँच | ८३.३ |
| जटिल संयुक्त | एक | १६.७ |
| जटिल संश्लिष्ट | ० | ० |
| **जम्मा** | **छ** | **१००** |

तालिका अनुसार अनुच्छेदमा जम्मा छओटा वाक्यहरू प्रयोगमा आएको देखिन्छन्, जसमध्ये सरल ८३.३ प्रतिशत र जटिल संयुक्त १६.७ प्रतिशत वाक्यहरूको प्रयोग भएको छ । यसरी यस अनुच्छेदमा सरल वाक्यको सङ्ख्या अत्यधिक रहेको देखिन्छ भने जटिल वाक्यको सङ्ख्या नयून रहेको छ ।

## नबौँ पाठको वाक्यसंरचना

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त पाठहरूको वाक्यसंरचना अध्ययन गर्नका लागि वीरमानका दिन फर्किए प्रबन्धको अन्तिम अनुच्छेदलाई नबौँ पाठको नमुनाका रूपमा लिइएको छ । वाक्यसंरचनाको अध्ययन गर्नका लागि वाक्यलाई सरल, जटिल संयुक्त र जटिल संश्लिष्टमा वर्गीकरण गरी पाठको अध्ययन विश्लेषण गरिएको छ । यस पाठमा निहित वाक्यहरूको विवरण र संरचनालाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ३०**

*नबौँ पाठका वाक्य*

| वाक्य | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरल | नौ | १०० |
| जटिल संयुक्त | ० | ० |
| जटिल संश्लिष्ट | ० | ० |
| **जम्मा** | **नौ** | **१००** |

तालिका अनुसार अनुच्छेदमा जम्मा नौओटा वाक्यहरू प्रयोगमा आएको देखिन्छन्, जसमा शतप्रतिशत सरल वाक्यको प्रयोग भएको छ । यसरी यस अनुच्छेदमा सरल वाक्यको मात्र प्रयोग रहेको छ ।

## दशौँ पाठको वाक्यसंरचना

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त पाठहरूको वाक्यसंरचना अध्ययन गर्नका लागि छट्टु बटुवा कथाको दोस्रो अनुच्छेदलाई दशौँ पाठको नमुनाका रूपमा लिइएको छ । वाक्यसंरचनाको अध्ययन गर्नका लागि वाक्यलाई सरल, जटिल संयुक्त र जटिल संश्लिष्टमा वर्गीकरण गरी पाठको अध्ययन विश्लेषण गरिएको छ । यस पाठमा निहित वाक्यहरूको विवरण र संरचनालाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ३१**

*दशौँ पाठका वाक्य*

| वाक्य | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरल | छ | १०० |
| जटिल संयुक्त | ० | ० |
| जटिल संश्लिष्ट | ० | ० |
| **जम्मा** | **छ** | **१००** |

तालिका अनुसार अनुच्छेदमा जम्मा छओटा वाक्यहरू प्रयोगमा आएको देखिन्छन्, जसमा शतप्रतिशत सरल वाक्यको मात्र प्रयोग भएको छ ।

## प्राप्ति र छलफल

पाठ्यवस्तुमा लामा तथा बढी अक्षरका शब्दहरू भए भने त्यसले पाठलाई जटिल बनाउने मात्र नभई पठनकार्य र उच्चारण प्रक्रियासमेतमा कठिनाइ उत्पन्न हुन जान्छ । अतः पाठ्यवस्तुमा यो स्थिति रहनु भनेको पठनशीलताको स्तर न्यून र कठिनाइस्तर उच्च हुनु हो । त्यसैले पाठ्यवस्तुमा सकेसम्म सामासिक तहमा समेत छोटा प्रकृतिका शब्दहरूको छनोट गर्नुपर्दछ । कक्षा तीनको नेपाली पाठ्यपुस्तकको अक्षर संरचना, वाक्य संरचना र शब्दवर्गको अध्ययन गरी पाठ्यपुस्तकको पठनशीलताको स्तरको चर्चा यसप्रकार गरिएको छ :

**तालिका ३२**

*अक्षर संरचनाका दृष्टिले कक्षा तीनको नेपाली पाठ्यपुस्तकको पठनशीलता*

| अक्षर संरचना | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एकाक्षरी | ४ | ११ | १ | ३ | ९ | २ | २ | ६ | ७ | ४ | ४९ | ११.१ |
| दुई अक्षरी | १६ | ४३ | ६ | १९ | ३७ | २७ | २२ | १८ | १६ | २० | २२४ | ५०.७ |
| तीन अक्षरी | ६ | १२ | ७ | ८ | १७ | १४ | ६ | २४ | १६ | ९ | ११९ | २६.९ |
| चार अक्षरी | ४ | १० | १ | १ | ४ | ४ | २ | ७ | ५ | ४ | ४२ | ९.५ |
| पाँच अक्षरी | | | १ | १ | २ | १ | | १ | १ | | ७ | १.६ |
| छ अक्षरी | | | | | १ | | | | | | १ | ०.२ |
| | | | | | जम्मा | | | | | | ४४२ | १०० |

प्रस्तुत अध्ययनमा अध्ययनीय विषयको रूपमा रहेको कक्षा तीनको नेपाली पाठ्यपुस्तक तथा तिनमा प्रयुक्त पाठ्यवस्तुमा प्रयोग भएका अनुच्छेदगत शब्दहरूको अक्षर संरचनाको विश्लेषण गर्दा दशओटा अनुच्छेदमा प्रयुक्त जम्मा ४४२ शब्दहरू एकाक्षरीदेखि छ अक्षरीसम्म प्रयोगमा आएको देखिन्छ । पाठ्यवस्तुमा अक्षर संरचनाको प्रयोगको अधिकतम क्रमलाई दृष्टिगत गर्दा सबैभन्दा बढी दुई अक्षरी २२४ (५०.७%), तीन अक्षरी ११९ (२६.९%), एकाक्षरी ४९ (११.१%) र सबैभन्दा कम चार अक्षरी ४२ (९.५%), पाँच अक्षरी ७ (१.६%) र छ अक्षरी १(०.२%) शब्दहरू प्रयोगमा आएको देखिन्छ । पाठ्यवस्तुको सन्दर्भमा अक्षर संरचनाको यो स्थितिलाई मूल्याङ्कन गर्दा छोटा प्रकृतिका अर्थात् दुई अक्षरी, तीन अक्षरी र एकाक्षरी वर्गका शब्दहरूको अधिकतम प्रयोग भएको र अन्य शब्दहरूको न्यूनतम प्रयोग भएको पाइनुले अक्षर संरचनाका दृष्टिले अनुसन्धेय पाठ्यपुस्तकको पठनशीलताको स्तर उच्च र कठिनाइस्तर न्यून रहेको पाइन्छ ।

**तालिका ३३**

*शब्दवर्गका आधारमा पठनशीलताको स्तर*

| शब्दवर्ग | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मूर्त नाम | ८ | १२ | ४ | १२ | १४ | ६ | १६ | २८ | १६ | ११ | १२७ | ५६.१९ |
| अमूर्त नाम | १ | १ | १ | १ | १ | ३ | ० | ० | १ | ० | ९ | ३.९८ |
| दृष्ट क्रिया | ७ | १२ | ५ | ९ | १५ | ९ | ७ | ८ | ९ | ८ | ८९ | ३९.३८ |
| अदृष्ट क्रिया | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ०.४४ |
| **जम्मा** | | | | | | | | | | | **२२६** | **१००** |

भाषा पाठ्यवस्तुलाई प्रभावित पार्ने दोस्रो प्रभावक तत्त्व शब्दवर्ग हो । शब्दवर्गअन्तर्गत पनि नामवर्ग र क्रियावर्ग प्रत्यक्ष प्रभावक तत्त्वका रूपमा पर्न आउँछन् । पाठ्यवस्तुमा मूर्तनाम र दृष्टक्रियाको प्रयोगको मात्रा बढी अर्थात् अमूर्तनाम र अदृष्टक्रियाको प्रयोग मूर्त र दृष्टक्रियाको सापेक्षतामा तीन तिहाइसम्मको प्रयोग छ भने पाठ्यवस्तु पठनीय मानिन्छ । वास्तवमा अमूर्तनाम र अदृष्टक्रियाको अत्यधिक प्रयोगले पाठ्यवस्तुलाई कठिन बनाउने देखिन्छ । तसर्थ पाठ्यवस्तुकको रचनामा अमूर्त नाम र अदृष्ट क्रियाको प्रयोगमा ख्याल गर्नुपर्ने हुन्छ ।

प्रस्तुत सैद्धान्तिक मान्यता र परीक्षणीय पाठ्यवस्तुको तथ्याङ्कीय स्वरूपलाई दृष्टिगत गर्दा अनुच्छेद भित्रका ४४२ शब्दहरूमध्ये २२६ शब्दहरू शब्दवर्गअन्तर्गत प्रयोग भएका छन् । प्रयुक्त शब्दहरूमध्ये क्रमशः मूर्तनाममा १२७ (५६.१९%), अमूर्तनाममा ९ (३.९८%) शब्दहरू पाइएको छ भने क्रियावर्गअन्तर्गत दृष्टक्रियाअन्तर्गत ८९ (३९.३८%) र अदृष्ट क्रियामा १ (०.४४%) शब्दहरू प्रयोगमा रहेका छन् । यस आधारमा कक्षा ३ को नेपाली पाठ्यपुस्तकमा छनोटमा परेका अनुच्छेदका शब्दहरू हेर्दा अमूर्तनाम भन्दा मूर्तनाम वर्गका शब्द बढी र अदृष्ट क्रियाभन्दा दृष्ट क्रियाको प्रयोग अधिक देखिएकाले उक्त पाठ्यपुस्तक पठनशीलतका दृष्टिले उचित देखिन्छ ।

**तालिका ३४**

*वाक्य संरचनाका दृष्टिले कक्षा तीनको नेपाली पाठ्यपुस्तकको पठनशीलता*

| वाक्य संरचना | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सरल | ४ | १० | ५ | ३ | ६ | ७ | ७ | ५ | ९ | ६ | ६२ | ८४.९ |
| जटिल संयुक्त | १ | १ | २ | १ | १ | १ | ० | १ | ० | ० | ८ | १०.९ |
| जटिल संश्लिष्ट | ० | १ | १ | ० | १ | ० | ० | ० | ० | ० | ३ | ४.१ |
| **जम्मा** | | | | | | | | | | | **७३** | **१००** |

पाठ्यवस्तुको पठनशीलताको प्रभावक तत्त्वका रूपमा रहेका पाठ्यवस्तु, शब्दभण्डार, अक्षर संरचना, शब्दवर्ग, अनुच्छेद संरचनाजस्तै वाक्य संरचनाको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ । पाठ्यवस्तुको प्रस्तुति, शब्द संयोजन, शब्दको कठिनाइ, भाषिक संरचना, जटिलताजस्ता विविध कुराहरू वाक्यको संरचना र त्यसको प्रयोगमा निर्भर गर्दछ । तसर्थ वाक्य संरचनागत स्वरूप र त्यसको प्रयोगको स्तर पठनशीलताको आधारभूत मापदण्डको रूपमा रहेको पाइन्छ । त्यसैले पाठ्यवस्तु निर्माण गर्दा वाक्य संरचनाको प्रयोग र स्तरका बारेमा अति नै संवेदनशील हुनुपर्दछ ।

प्रस्तुत अध्ययनमा प्रयुक्त परीक्षणीय पाठ्यवस्तुको वाक्य संरचना क्रमशः सरलमा ६२ (८४.९%), जटिल संयुक्तमा ८ (१०.९%) र जटिल संश्लिष्टमा ३ (४.१%) वाक्यहरू प्रयोग भएका छन् । यसरी हेर्दा पाठ्यवस्तुहरूको प्रयुक्त वाक्यहरूमा सरल वाक्यको तुलनामा जटिल (संयुक्त र संश्लिष्ट) वाक्यहरू कम भएकाले कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त वाक्य र भाषाशैली पठनशीलताका दृष्टिले उच्च र कठिनाइस्तरका दृष्टिले न्यून रहेको देखिन्छ ।

## निष्कर्ष

कक्षा तीनको नेपाली पाठ्यपुस्तकको पठनशीलतालाई भाषिक संरचनाका दृष्टिले नियाल्दा अक्षर संरचनामा दुई र तीन अक्षरी शब्दहरूको प्रयोग बढी रहेको पाइयो । यसले विद्यार्थीहरूका लागि पठन सहज र उपयुक्त रहेको देखिन्छ भने चार र पाँच अक्षरी लामो शब्दहरूको प्रयोग न्यून भएकोले जटिलता कम भएको देखिन्छ। शब्द वर्गमा मूर्तनामको बढी प्रयोगले पाठ्यवस्तुलाई सरल र बुझ्न सजिलो बनाएको छ भने अमूर्तनामको कम प्रयोगले पठनमा कठिनाइ कम रहेको देखिन्छ । क्रियावर्गमा दृष्ट क्रियाको प्रचुर प्रयोग र अदृष्ट क्रियाको न्यून प्रयोगले पनि पाठ्यपुस्तकको रचनालाई सरल बनाएको छ । वाक्य संरचनामा सरल वाक्यको बढी प्रयोगले विद्यार्थीहरूलाई बुझ्न सहज बनाएको छ भने संयुक्त र संश्लिष्ट वाक्यहरूको प्रयोग कम भएकाले पाठ्यपुस्तकको पठनशीलता उच्च रहेको देखिन्छ । यसरी अक्षर संरचना, शब्द वर्ग र वाक्य संरचनाका दृष्टिले कक्षा तीनको नेपाली पाठ्यपुस्तकले विद्यार्थीहरूको पठन क्षमतामा सकारात्मक प्रभाव पार्ने खालको सरल र उपयुक्त पाठ्सामग्री समावेश भएको देखिन्छ । यसले पाठ्यक्रम विकासकर्ता र पाठ्यपुस्तक निर्माताहरूलाई पाठ्यपुस्तक सुधारमा सहयोग पुऱ्याइ विद्यार्थीको पठन क्षमतामा सुधार ल्याउने देखिन्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्राज (२०६६). *भाषाशिक्षण: केही परिप्रेक्ष्य तथा पद्धति.* विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, अम्बिका (२०८०). *कक्षा नौको नेपाली किताबको पठनीयता अध्ययन.* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र (२०७६). *मेरो नेपाली कक्षा ३* (परमार्जित संस्करण). नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

Alderson J. Charles and Bachman F, (2000**).** *Assessing Reading.* Combridge University Press.

Barber, A. T., Cartwright, K. B., Stapleton, L. M., Klauda, S. L., Archer, C. J., & Smith, P. (2020). Direct and indirect effects of executive functions, reading engagement, and higher order strategic processes in the reading comprehension of dual language learners and English monolinguals. *Contemporary Educational Psychology*, *61*, 101848.

Colin, Harrison (1980). *Readability in the classroom.* Cambridge University Press. Retrieved from https://www.worldcat.org/title/readability-in-the-classroom/oclc/6194558 on 3rd June 2020.

Dale, E and Chall, J S (1949). *The concept of readability elementary English*

DuBay, W.H. (2004). *The Principal of readability*. Impact information: http:/www.nald.ca/ fultext/readab.pdf

Fleckenstein k. S. and Other, (2002). *Language and Image in the Reading Writing Classroom*. Lawerence Erlbalum Associates Publishers.

Jonson, K. (2000). *Readability and reading ages of school science textbook.* www.timetabler.com/reading.html.

Kasule Danile, (2011). *Textbook readability and ESL learners,* University of Botswana.

Penny Ur, (2005). *A Course in Language Teaching*, Cambridge University Press.

Rapids Wisconsion, (2012). *Guided Independent Reading* : //doc.renlearn.com/KMNet/R005577721AC3667.pdf

Zanden, A.H.W.van der (2014). *Readability in Classrooms*. Educational Technology Delft University of Technology, Netherlands: //a.h.w. vanderzanden@tudelft.nl